म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १४ अंक ३३० शुक्रबार, २७ असार २०८२ ने. सं. ११४५ दिल्लागा 11 July 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## लागुऔषध खैरोहेरोइन सहित २ जना पक्राउ

हेटौंडा, २६ असार/मकवानपुर प्रहरीले १ ग्राम १६० मिलिग्राम लागुऔषध खैरोहेरोईन सहित २ जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा हेटौंडा-१० का ३३ वर्षीय शनि रानाभाट र हेटौंडा-११ बस्ने २९ वर्षीय सरोज बानियाँ रहेका छन् । विशेष सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय मकवानपुर र अस्थायी प्रहरी पोष्ट थानाभन्याङबाट खटिएको प्रहरी टोलीले उनीहरुलाई पक्राउ गरेको हो । हेटौंडा-१० गोरक्षेश्वर मन्दिरबाट रानाभाटलाई ५८० मिलिग्राम र बानियाँलाई १ ग्राम १६० मिलिग्राम लागूऔषध खैरोहेरोईन सहित पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता श्यामु अर्यालले जानकारी दिए । उनीहरुमाथि लागूऔषध कसुर मुद्दामा जिल्ला अदालत मकवानपुर बाट ५ दिनको म्याद अनुमति लिई थप अनुसन्धानकार्य भइरहेको प्रहरीले जनाएको छ ।

# बागमती प्रदेश सरकारको २६ प्रतिशत बजेट फ्रिज

साझाकुरा संवाददाता

हेटौंडा, २६ असार/ बागमती प्रदेश सरकारले चालु आर्थिक वर्ष २०८१/८२ मा विनियोजित कुल बजेटको ७४ प्रतिशत मात्र खर्च गरेको छ ।

चालु आर्थिक वर्षको लागि ६४ अर्ब ५४ करोड रुपैयाँको बजेटमा प्रदेश सरकारले असारसम्म ७४ प्रतिशत अर्थात् ४७ अर्ब ७९ करोड रुपैयाँ खर्च गरेको हो । प्रदेश लेखा नियन्त्रकको कार्यालय, हेटौंडाका अनुसार बागमतीका १४ मन्त्रालय, आयोग र निकायहरुबाट चालुखर्चतर्फ ७१ दशमलब ५ प्रतिशत अर्थात् १८ अर्ब ४० करोड रुपैयाँ र पुँजीगततर्फ ७८ दशमलब ५० प्रतिशत अर्थात् २८ अर्ब ४० करोड रुपैयाँ बजेट खर्च भएको छ । प्रदेश सरकारले चालुखर्चतर्फ २५ अर्ब ७२ करोड रुपैयाँ बजेट छुट्टयाएको थियो भने विकास बजेटतर्फ ३७ अर्ब ३१ करोड रुपैयाँ गरी कुल ६४ अर्ब ५४ करोड रुपैयाँ बजेट विनियोजन गरेको थियो ।




गतवर्षको तुलनामा बागमती सरकारको बजेटखर्च सामान्य वृद्धि भएको छ । गत आर्थिक वर्ष ७० प्रतिशत बजेटखर्च गरेको बागमती सरकारले चालु आर्थिक वर्षमा ७४ प्रतिशत बजेटखर्च गरेको हो । योसँगै प्रदेशको २६ प्रतिशत अर्थात् १६ अर्ब ७५ करोड रुपैयाँ बजेट फ्रिज भएको हो । प्रदेशको १४ मन्त्रालयमध्ये सबैभन्दा बढी खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्रालयले खर्च गरेको छ । यो मन्त्रालयले कुल बजेट ७ अर्ब ४७ करोड रुपैयाँमध्ये ६ अर्ब ९५ करोड रुपैयाँ अर्थात् ९३ प्रतिशत खर्च गरेको छ ।

त्यसैगरी आन्तरिक मामिला तथा कानुन मन्त्रालयले ८० प्रतिशत बजेट खर्च गरेको छ । यो मन्त्रालयले कुल विनियोजित ४७ करोड ११ लाख रुपैयाँ बजेटमध्ये ३७ करोड ८६ करोड रुपैयाँ खर्च गरेको छ । कृषि तथा पशुपन्छी विकास मन्त्रालयले २ अर्ब १५ करोड २३ लाख रुपैयाँ बजेटमध्ये १ अर्ब ६८ करोड रुपैयाँ अर्थात् ६७ दशमलब २९ प्रतिशत खर्च गरेको छ । सबैभन्दा बढी बजेट २३ अर्ब १३ करोड रुपैयाँ बजेट पाएको भौतिक पूर्वाधार विकास मन्त्रालयले १७ अर्ब ३४ करोड रुपैयाँ अर्थात् ७५ प्रतिशत बजेट खर्च गरेको छ । सामाजिक विकास मन्त्रालयको ३ अर्ब ९३ करोड रुपैयाँ बजेटमध्ये ३ अर्ब २० लाख रुपैयाँ खर्च गरेको छ ।

स्वास्थ्य मन्त्रालयको ४ अर्ब १६ करोड बजेटमध्ये ३ अर्ब ३० करोड रुपैयाँ अर्थात् ७९ प्रतिशत बजेट खर्च गरेको छ । त्यस्तै वन तथा वातावरण मन्त्रालयको ३ अर्ब ३८ करोड रुपैयाँ बजेटमध्ये २ अर्ब ६६ करोड रुपैयाँ अर्थात् ७९ प्रतिशत, संस्कृति तथा पर्यटन मन्त्रालयले २ अर्ब ६४ करोड रुपैयाँ बजेटमध्ये २ अर्ब ६ करोड रुपैयाँ अर्थात् ७८ दशमलब २६ प्रतिशत खर्च गरेको छ । युवा तथा खेलकुद मन्त्रालयले ८२ करोड ८ लाख रुपैयाँ बजेटमध्ये ७९ दशमलब २९ प्रतिशत अर्थात् ६५ करोड ८ लाख रुपैयाँ खर्च गरेको छ ।

श्रम रोजगार तथा यातायात मन्त्रालयले ९४ करोड ६८ लाख रुपैयाँ बजेटमध्ये ५७ करोड ४० लाख रुपैयाँ अर्थात् ६० दशमलब ६३ प्रतिशत बजेट खर्च गरेको छ । यसैगरी उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालयको ७३ करोड ७९ लाख रुपैयाँ बजेटमध्ये ५२ करोड ६५ लाख रुपैयाँ अर्थात् ७१ अर्थात् ६३ प्रतिशत, आर्थिक मामिला तथा योजना मन्त्रालयको २५ करोड ५३ लाख रुपैयाँ बजेटमध्ये १५ करोड ६५ लाख रुपैयाँ अर्थात् ६१ प्रतिशत बजेट खर्च भएको छ ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले ४८ करोड १८ लाख रुपैयाँ बजेटमध्ये २४ करोड ६९ लाख रुपैयाँ अर्थात् ५१ दशमलब २६ प्रतिशत खर्च गरेको छ ।

आगामी आर्थिक वर्षको लागि भने प्रदेश सरकारले ६७ अर्ब ४७ करोड ७३ लाख २७ हजारको बजेट विनियोजन गरेको छ । चालुतर्फ २६ अर्ब ४ करोड ४६ लाख रुपैयाँ (३८.६ प्रतिशत) र पूँजीगततर्फ ४१ अर्ब ४३ करोड २६ लाख रुपैयाँ (६१.४ प्रतिशत) बजेट विनियोजन गरिएको छ । प्रदेश सरकारले बजेट कार्यक्रमको खर्च व्यहोर्ने स्रोत तर्फ कर राजस्वबाट २८ अर्ब ७८ करोड ८२ लाख रुपैयाँ, अन्य ६ अर्ब ७९ करोड ४ लाख रुपैयाँ अनुमान गरिएको छ । संघीय सरकारबाट प्राप्त वित्तीय हस्तान्तरणबाट ४१ अर्ब ८१ करोड ९३ लाख रुपैयाँ, सञ्चित कोष विविध प्राप्ति १६ अर्ब ९८ करोड ९४ लाख रुपैयाँ खर्च व्यहोर्ने स्रोत अनुमान गरिएको छ ।

# बकैयामा कुल बजेटको ७५.३५ प्रतिशत खर्च

साझाकुरा संवाददाता

हेटौंडा, २६ असार/ मकवानपुरको बकैया गाउँपालिकाले आर्थिक वर्ष २०८१/८२ मा कुल बजेटको ७५ दशमलब ३५ प्रतिशत खर्च गरेको छ ।




बकैयाले चालु आर्थिक वर्षका लागि कुल ९३ करोड रुपैयाँ बराबरको बजेट कार्यान्वयन गरेकामा तेस्रो त्रैमासिक अवधिमा ४८ करोड ५० लाख ८ हजार रुपैयाँ खर्च गरेको हो । बकैयाले कुल खर्चमध्ये पुँजीगत शीर्षकमा २१ करोड ७२ लाख ८४ हजार रुपैयाँ अर्थात् ४४ दशमलब ८२ प्रतिशत खर्च गरेको जनाएको छ । यसैगरी चालु शीर्षकतर्फ २६ करोड ७७ लाख २४ हजार रुपैयाँ अर्थात् ५५ दशमलब १८ प्रतिशत खर्च गरेको छ ।


गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत महेश श्रेष्ठका अनुसार सार्वजनिक वित्तीय पारदर्शिता कायम राख्ने उद्देश्यले वार्षिक खर्च विवरण सार्वजनिक गरिएको हो । आमनागरिक्लाई गाउँपालिकाको आयव्ययसम्बन्धी अवस्था बुझ्न सक्ने अवसर प्रदान गर्न खर्च विवरण सार्वजनिक गरिएको उनले बताए । बकैयाले सुशासन, पारदर्शिता र जनउत्तरदायित्व बढाउनेतर्फ केन्द्रित भएर काम गरिरहेको उनको भनाइ छ ।

विकास योजनालाई कार्यान्वयन गर्दा बकैयाले स्वास्थ्य, शिक्षा, कृषि र वातावरणमैत्री पूर्वाधारलाई प्राथमिकता दिएको उनले बताए । बकैयाले आगामी आर्थिक वर्षका लागि भने ९१ करोड रुपैयाँको बजेट ल्याएको छ ।

### राक्सीराङमा ७९ दशमलब ७४ प्रतिशत बजेट खर्च

राक्सिराङ गाउँपालिकाले आर्थिक वर्ष २०८१/८२ मा कुल बजेटको ७९ दशमलव ७४ प्रतिशत बजेट खर्च गरेको छ । असार २५ गते बुधबारसम्म ४७ करोड ५० लाख ३५ हजार रुपैयाँ बजेट खर्च भएको गाउँपालिकाले जानकारी दिएको छ । गाउँपालिकाले चालु वर्षको लागि कुल ५९ करोड ५७ लाख २३ हजार रुपैयाँ बजेट विनियोजन गरेको थियो । राक्सिराङले विनियोजन गरेको चालु खर्चतर्फ ८१ दशमलव ०९ र पुँजीगततर्फ ७७ दशमलव ५२ प्रतिशत खर्च भएको प्रमुख प्रशासकीय अधिकृत पदमबहादुर बस्नेतले जानकारी दिए ।

चालुतर्फ ३७ करोड १४ लाख ५३ हजार रुपैयाँ विनियोजन गरिएकोमा ३० करोड ११ लाख ९५ हजार रुपैयाँ खर्च भएको छ भने पुँजीगततर्फ २२ करोड ४२ लाख ७० हजार छुट्याइएकोमा १७ करोड ३८ लाख ४५ हजार रुपैयाँ खर्च भएको प्रमुख प्रशासकीय अधिकृत बस्नेतले बताए ।




साझाकुरा

## हाम्रो कुरा

# प्रदेशसभा भवन निर्माणमा बिलम्ब

संघीय सरकार र स्थानीय सरकाको बीचमा सेतुको काम गर्नुपर्ने प्रदेश सरकारले आफ्नो नियमित बैठक बस्ने भवन निर्माण गर्न सकेको छैन । प्रदेश तहमा कानून निर्माण गर्ने मुख्य थलोकै यो हालत छ भने दुरदराजको ग्रामीण बस्तीको कथाब्यथा बयान गरिसाध्यै छैन । बजेट नभएर प्रदेशसभा भवन निर्माण हुन नसकेको भने होइन । बजेटको अभावमा नभई बजेट बढी भएर यस्तो भएको भन्दा अत्युक्ति नहोला । ५ वर्षअघि शिलान्यास गरिएको बागमती प्रदेशसभाको अस्थायी भवनको निर्माणकार्य अन्तिमचरणमा पुगेको बताइएको छ । वि.स. २०७४ माघ १८ गतेको बैठकवाट आफ्नो कार्य प्रारम्भ गरेको प्रदेशसभाले २०७७ मंसिर १० गते मात्रै अस्थायी भवनको शिलान्यास गरेको थियो । अर्घाखाँची-सगुन-पारामाउन्ट जेभीले १८ महिनामा काम सक्ने गरी २०७७ कार्तिक १९ गते ४ करोड ९४ लाख रुपैयाँमा भवन बनाउने ठेक्का पाएको थियो । १८ महिनामा काम सक्ने भनिएको ठाउँमा ६ महिनसम्म म्याद थप गर्दा फरक नपर्ला तर, वर्षौंसम्म म्याद थपेको थप्यै गर्ने र भवनको लागत बढेको बढ्यै गर्ने अवस्था देखियो । प्रदेशसभा भवनमा यस्तो नहुनु पर्ने थियो तर, भयो ।

दुरदराजका गाउँमा संचालन गरिएको विकास निर्माणका योजना समयमै सकिएन भनेर समाचार लेख्नुको कुनै अर्थ छैन । किनभने प्रदेशसभा भवनको हालत यस्तो छ भने अन्य योजनामा म्याद थपिनु दालभात खाएसरह नै हो । निर्माण कम्पनीले ढिलो गरी संरचना निर्माण गऱ्यो र थप कामका लागि २०८० फागुन २३ गते सिउँडी निर्माण सेवासँग ३ करोड ५३ लाख रुपैयाँमा सहरी भवन कार्यालयले ठेक्का सम्झौता गरेको थियो । हेटौंडा उपमहानगरपालिका-१०, स्थित हाल अस्थायीरुपमा सञ्चालित प्रदेशसभा सचिवालयको जग्गाभित्रै प्रिफ्याबबाट निर्मित अस्थायी संरचना निर्माणको काम असार मसान्तभित्र सम्पन्न हुने गरी निर्माणकार्य भइरहेको छ । अस्थायी संरचना निर्माण गर्नका लागि त यतिका समय लाग्यो भने स्थायी संरचना निर्माण गर्ने भनिएको भए कति समयमा सम्पन्न हुनेथियो होला ? असार मसान्तभित्र सम्पन्न हुने अपेक्षा गरेको भवन ढिलोमा साउनभित्र सञ्चालन हुने सम्भावना रहेको बताइएको छ । टेण्डर प्रक्रियाको सुरुवातमै केही प्राविधिक गडबडी भएकोले भवन निर्माणमा ढिलाई हुन गएको अधिकारीहरुको भनाई छ । प्रिफ्याबबाट अस्थायी संरचना निर्माणको काम भर्खरै सकिएर फर्निचर र विद्युतीय उपकरणको काम भइरहेको छ । यो कामको लागि प्रदेशसभा आफैंले ठेक्का लगाएर काम गरेको हो । सिउँडी इन्टरनेशनल प्रालिसँग भवनमा फर्निचर/फर्निसिङ कार्यका लागि २ करोड २४ लाख ७३ हजारमा ठेक्का सम्झौता गरेको हो ।

प्रदेशसभा सचिवालयका अनुसार फर्निचरहरु भन्सारसम्म आइपुगिसकेको छ । हाल निर्माणाधीन भवनमा विद्युतीय उपकरणदेखि फर्निचर थप व्यवस्थित हुने छ । पुरानो सदनको तुलनामा नयाँ सदनमा प्रविधि नै नयाँ छ । माननीयज्युहरु बस्ने कुर्सी संघीय संसद्को जस्तै हुनेछ । प्रदेशसभा सचिवालय हाल संघीय सरकार मातहतको तत्कालीन मध्यमाञ्चल क्षेत्रीय शिक्षा निर्देशनालयको भवनमा सञ्चालन भइरहेको छ । बागमती प्रदेश सरकारका पहिलो मुख्यमन्त्री डोरमणि पौडेलले एकीकृत प्रादेशिक संरचना निर्माण गर्दा मुख्यमन्त्री कार्यालय तथा मन्त्रालयहरु रहने हाताभित्रै प्रदेशसभा भवन निर्माणको योजना बनाएका थिए । यो योजनाअनुसार प्रक्रिया पनि अघि बढाइयो । प्रदेशसभाको पहिलो कार्यकालको सुरुवातदेखि नै प्रदेशसभाका सदस्यले प्रदेशसभा बैठक, राजनीतिक दलको संसदीय दलको कार्यालय र प्रदेशसभाको सचिवालय सञ्चालन गर्न पर्याप्त नभएको, अव्यवस्थित र साँघुरो भएको भन्दै नयाँ भवन निर्माण गर्न माग गर्दै आएका थिए । प्रदेशसभाका सदस्यले अघिल्लो कार्यकालमा बसेको १० वटा अधिवेशनमध्ये अधिकांश अधिवेशनका बैठकमा प्रदेशसभा भवनमा सर्प आउने, लामखुट्टे लाग्नेलगायत साँघुरो र अव्यवस्थित भएको भन्दै नयाँ भवन बनाउन मागसहितको आवाज उठाउँदै आएका थिए ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६११९१४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ असार २८ गते शनिबार १२ जुलाई २०२५ । द्वितीया, साउन कृष्णपक्ष । दिल्लागा ११४५ ने.सं. । सूर्योदय ५:१८, सूर्यास्त ७:०० ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : विद्यार्थीका लागि लाभदायक | तुला | : दिन राम्रोसुग बित्नेछ |
| वृष | : सम्मानित काम हुनेछ | वृश्चिक | : चोट लाग्ने सम्भावना देखिन्छ |
| मिथुन | : धार्मिक काममा रुचि बढ्नेछ | धनु | : चिन्ता, भय र आशंका बढ्नेछ |
| कर्कट | : काममा एकरुपता आउनेछ | मकर | : सन्तोष र प्रतिष्ठा मिल्नेछ |
| सिंह | : यात्राबाट लाभ हुनेछ | कुम्भ | : काममा प्रगति हुनेछ |
| कन्या | : धनको समस्या पार लाग्नेछ | मीन | : व्यापारमा लाभ हुनेछ |

# सुविधासम्पन्न शहर र सडकको खोक्रो परिकल्पना



✍ अच्युतप्रसाद पौडेल "चिन्तन"

ग्वार्कोमा सडक उद्घाटन गर्दा लोकतन्त्रले जुँगा मुसारेको छ । कति वर्षसम्म कति यात्रुले त्यहाँ सकस पाए ? बिर्सियो । त्यत्तिमै चक्रपथको जाम पनि टर्नेवाला छैन । सातदोबाटो बा कोटेश्वरको जाम यथावत् नै रहन्छ मात्रै होइन, त्यही बाटो टर्निङ लिई पूर्व-पश्चिमभित्र छिर्ने र उत्तर-दक्षिणले टर्निङ लिंदाको अवस्था उही छ, जामको समस्या । यसअघि त्यही क्षेत्रमा तय भएको चक्रपथमा सडक बत्ती भएन, ओभरहेड पुलहरु भएनन् र अहिलेसम्म पनि अन्धा, अपांगहरुलाई लठ्ठी लिएर हिंड्न समस्या छ । पेटीमा प्वालहरु छन् ।

यसो भनौं, त्यो पूरै मार्ग पैदल यात्रीमैत्री छैन र सवारीसाधनहरु शहर छिर्न निकै कठिन छ अनि वर्कसपहरु पनि नजिक छैनन् । कलंकी-चावहिल चक्रपथ सडक निर्माणले कुनै गति लिएको छैन र बाहिरी चक्रपथको हावादारी कुरो लोकतन्त्रले पूरा होइन, थालनी नै गरेको छैन । यता स्मार्ट सिटीहरु भनेर अर्को हावादारी गफ छरेको धेरै भयो, मोनोरेल मेट्रोरेलको कुरो पनि अब हराउन लागिसक्या अवस्था छ । महानगर क्षेत्रमा यति धेरै ट्राफिक समस्या छ, जहाँ मापदण्ड अनुसारको पैदल मार्ग छैन, जव कि पैदलयात्रीको पहिलो अधिकार हो यो ।

आधुनिक सभ्यताको मानक नै सुविधायुक्त शहर हो, राम्रो आवास हो । हाम्रो लोकतन्त्रले शहरीकरण भइरहेका राजधानी काठमाडौंलगायत विराटनगर, इटहरी, वीरगन्ज, जीतपुर, पोखरा, बुटवल, कोहलपुर, अत्तरिया क्षेत्रलाई मेगासिटीको रुपमा विकास गर्ने लक्ष्य राख्यो । हुलाकी र मध्यपहाडी लोकमार्गको आसपासमा सम्भाव्यताको आधारमा २७ स्थानमा आधुनिक नयाँ शहरको पूर्वाधार विकास गर्ने, उपत्यकाभित्रका प्राकृतिक स्रोत, नदी कोरिडोर, सडक, यातायात, फोहोरमैला, ढल, सांस्कृतिक सम्पदा र धरोहरको एकीकृत विकास र व्यवस्थापन गर्ने गरी बृहत्तर गुरुयोजना तय हुने, अति विपन्न, लोपोन्मुख, सीमान्तकृत परिवारका लागि सुरक्षित, किफायती, वातावरणमैत्री आवास निर्माण गर्न सुरक्षित नागरिक आवास कार्यक्रमअन्तर्गत काठ र जस्तापातामा अनुदान दिने, जोखिमयुक्त बस्तीमा रहेका सबै परिवारलाई जोखिमरहित स्थानमा सुरक्षित आवासको व्यवस्था गर्ने, बाढी-पहिरोमा परी घरबार गुमाएका र धनजनको क्षति भएका सुर्खेत, बर्दिया, दाङलगायत तराई मधेस तथा पहाडी जिल्लाहरुमा घर पुनर्निर्माण कार्यसमेत अघि बढाइनेजस्ता नारा लियो, तर सबै अधुरा छन् अहिलेसम्म ।

विदेशतिर पानी परेको ५ मिनेटमा पानी हराउने, यहाँ बाटो नै हराउने ठीक उल्टो छ । भैंसेपाटीको आवास तयारी भयो, बाँकी समस्या ट्राफिक जाम, धूलो र धुवाँ उस्तै मात्रै होइन, बढेको छ । बस्ती सखाप हुँदा जनताले सुरक्षित आपास पाएनन् । कठ्याङ्ग्रिँदो जाडोको मौसम, हावाहुरीको डरबाट सुरक्षित हुन सकेनन् । बूढाबूढी, सुत्केरी, अशक्त, बिरामीहरुको हालत उही छ । नेताहरुलाई रोजगार बनाउनुपरेकाले मुलुकमा नगरपालिका बढेका छन् । चक्रपथ आधा घण्टा बाहिर गयो भने थाहा हुन्छ, त्यहाँ बाटोघाटो मात्रै होइन, संघीयता वा लोकतन्त्र र गणतन्त्र केही पनि भेटिन्न । भर्खरै पङ्क्तिकार बूढानीलकण्ठबाट दुई हातमाथि के पुगेको थियो, हरायो । घनाजंगलबाहेक केही छैन, शिवपुरीको बागद्वार पुग्दा त्यो पनि नगरपालिका भनेर गोकर्णेश्वरले पाठ्यपुस्तकहरुमा स्कुले विद्यार्थीहरुलाई पढाउने गरेको छ । राम राम ! दिउँसै बत्ती बाल्नुपर्छ त्यहा ! हिँड्ने बाटोसमेत छैन, सवारीको के कुरो ? त्यताबाट आउने खानेपानी शिवपुरी संरक्षणका नाममा यतालाई दिइएन भनेर खानेपानीमन्त्रीको रोइलो छ, भर्खरैको कुरो ।

शहरीकरणको विकास तीव्र छ भनिन्छ तर भूधरातलको वैज्ञानिक अध्ययनविना नै शहरीकरण भएको छ । जग्गाको मूल्यांकन बढाएर, केवल राजस्व संकलनको उद्देश्य पूरा गरेर गाउँको विकास भएन । सिंहदरबार गाउँ जाँदा जनता खाडी धकेलिए, असह्य सिंहको ताडनाबाट मुक्ति खोज्दै । नगरक्षेत्रमा सडक, यातायात, इन्धन आपूर्ति, पानी, विद्युत्, ढल निकास, पार्क, मनोरञ्जनस्थल, खुल्ला क्षेत्र तय हुनुपर्छ पहिले । नेताहरुलाई यी खुद्रा विषय हेर्ने फुर्सदै भएन, डक्कै कता के पाइन्छ वा भिजिट भिसातिर लागे छिटो धनी होइएला, यस्तो सोच रह्यो । यहाँ जनता घटे, नेता बढे । भारतमा जनसंख्या १ अर्ब ४० करोड बढी सभासद संख्या ५४५, अमेरिकामा ३२ करोड जनतामा ४३५, इन्डोनेसियामा २५ करोडमा ५५०, ब्राजिलमा २० करोडमा ५१३, पाकिस्तानमा १९ करोडमा २७२, नाइजेरियामा १७ करोडमा ३३०, जापानमा १४ करोडमा ४८०, रुसमा १३ करोडमा ४४०, मेक्सिकोमा १३ करोडमा ५०० र पिछडिएको अर्काले दिएर खानुपर्ने देश नेपालमा ३ करोड नपुगेको, आधा बाहिर धकेलिएकोमा कति हो लावालस्कर ? देश लुछ्ने मिलिजुली, अप्राकृतिक गठबन्धन गर्र्ने चुनावतिर लाग्ने, देशको ढुकुटी खर्लप्पै खाने, तलव नबढाउने, वृद्धभत्ता मुखैको खोसिदिने, बिमा सकिएन भन्ने, चुरोटमा कर नबढाएर सुनपानीको संस्कृतिमा विलासीकर भन्दै पैसा उठाइने, भान्छामा भ्याट लाउने, बस् यी देशका रक्षक हुन् कि भक्षक, थाहा भएन । भूगोल बढेन, जनसंख्या घट्दो, बजेट बढ्दो, बजेट दिनुपर्ने बाँचेकालाई मात्रै होइन, मरेर संस्था खोलेकालाई पनि ।

विश्वभरिकै धेरै जनसंख्या चीनमा छ, अहिले भारतले उछिन्यो । ऊ हाम्रो नजिकको छिमेकी हो, चीनबाटै शहरीकरण शुरु भएको हो भने बाटाघाटाहरुमा पनि ऊ अब्बल छ । शहरभरि नै चक्रपथहरु छन् । विकासमा सडक, यातायातजस्ता पूर्वाधारको मुख्य भूमिका हुन्छ नै, ढुवानी खर्च कम हुन्छ, उपभोक्ता धेरै मर्न पाउँदैनन् । उन्नत शहर बेइजिङमा मात्रै ७ वटा चक्रपथ, गोन्जाओमा ८ वटा, सांघाईमा ९ वटा छन् । नेपालमा शहरी विकास भएको भनिएको छ, बनेको चक्रपथको हालत खराब छ, अन्य बाटाघाटाहरुमा सवारी दुर्घटना नभएको दिन छैन । दशैं र तिहारमा मात्रै भएका दुर्घटना जोड्ने हो भने सबैको आङ सिरिङ्ग गर्छ । पशुपतिमा सबैलाई वैद्य उपचार गर्ने व्यक्ति भर्खरै जयबागेश्वरीमा ट्याक्सीको प्रहारले गए, सबै चकित छन् । सभ्य र विकसित भनिएको शहर काठमाडौं कुरुप छ, खानेपानी छैन, फोहोरको डुङ्गुर छ । पानी पर्दा बाटो हराउँछ, घरै बगाउँछ । पोहोरको वर्षा बिर्सियो, अहिले अर्को वर्षा शुरु भइसकेको छ । कति बेला के हुन्छ, दैवलीला छ ।

नेपालको संविधानले नागरिकलाई आवासको हकको खोक्रो प्रत्याभूति गरेको छ । यसका लागि आवास अधिकारसम्बन्धी ऐन, २०७५ लागू पनि छ । देशभरका भूमिहीन, आवासविहीन नागरिकलाई न्यूनतम आवासको सुविधा उपलब्ध हुने पनि भनिएको छ, तर यो भइहाले पनि दलनिकट नै हुनुपर्छ र भोटबैंक पनि । २ वर्षभित्र २० लाख आवास इकाइहरु निर्माण पनि गरिसक्ने भनियो, तर छैन । जनता आवास कार्यक्रम पनि अधुरो नै रह्यो । नदीकिनारका सुकुम्बासीहरुको पीडा उस्तै छ । चलाउन गए महानगरको डोजरमाथि नै खुँडा-खुकुरी बर्सन्छ । वि.सं. २०६८ मा यहाँको बाटो विस्तार गर्ने क्रममा उनीहरुलाई अपार्टमेन्ट उपलब्ध गराइने भनियो । नागरिकहरुलाई आवास चाहिन्छ, तर त्योभन्दा पहिले शिक्षा पनि चाहिन्छ । त्यो पनि सीपमूलक, अनि रोजगारी चाहिन्छ र अचल सम्पत्ति जोड्नका लागि कमाइ गर्ने वातावरण राज्यले तय गरिदिनुपर्छ ।

जग्गा दिने नै हो भने देशभरि ३ पुस्ते अभिलेख हेरेर नभए मात्र केही समयलाई भोगाधिकार दिन सकिन्छ । न्यूनतम नाना, खाना र छानाको वातावरण सरकारले तय गर्नुपर्ने हो, सकेन र खैरो सूचीमा पनि छ देश विदेशीहरुका लागि । ऋण र व्यापारघाटामा त डुबेकै छ । सुशासनको अभाव छ, संसद्को अवस्थाले देश कहाँ छ, पुष्टि भैहाल्छ । अहिलेको बजेटमा पनि जग्गा बाँड्ने कुरो छ, तर जग्गा बाँडेर दीर्घकालीन समाधान हुन्न । जग्गा दिएपछि न्यूनतम पूर्वाधार अनि शिक्षा, रोजगार, स्वास्थ्य सुविधा मात्रै नभएर भविष्यको जोहो, परिवारको भरणपोषण, बिमालगायतका सबै काम सरकारले जिम्मा लिनुपर्ने हुन्छ ।

पहिले पनि बजेट ल्याउँदा व्यवस्थित आवासका लागि एकीकृत जग्गा विकास कार्यक्रम सञ्चालन गर्न स्थानीय तहलाई प्रोत्साहन गर्दै राजधानीको चाँगुनारायण, सूर्यविनायक, मध्यपुर थिमी, शंखरापुर र कागेश्वरी मनोहरा नगर पालिका क्षेत्रका ४ स्थानमा स्वदेशी तथा विदेशी लगानीकर्ता आकर्षित गरी सार्वजनिक निजी साझेदारीमा नयाँ शहर निर्माण गर्ने भनिएको थियो । राजधानीबाहिर म्याङ्लुङ, रामेछाप, भीमफेदी, बन्दीपुर, तानसेन, जुम्ला, सिलगढी आदि पुराना शहरमा शहरी पूर्वाधार विकास गर्ने पनि भनियो । त्यति मात्र होइन, सुरक्षित नागरिक आवास कार्यक्रमअन्तर्गत १ लाख ६८ हजार घरका खर र फुसका छानालाई जस्तापाताले प्रतिस्थापन गर्ने, सर्लाही, ताप्लेजुङलगायत ७३ जिल्लाका अति विपन्न, लोपोन्मुख, सीमान्तकृत वर्गका २१ हजार ८ सय घर परिवारलाई जनता आवास कार्यक्रमअन्तर्गत निर्माणाधिन घर विगतमै सम्पन्न हुने गरी हस्तान्तरण गरिने पनि भनियो । त्यसको प्रगति के भयो ? बाहिर आएन ।

धोतीजत्रो बाटो छ, सवारी धेरै छन् । करिब १५ लाख सवारी रहेको काठमाडौं यति कुरुप किन ? ट्राफिकको काम भनेको चिट काट्ने, पैसा असुल्ने मात्रै भएको छ । सजिलो त्यही छ, जहाँ जोसँग पनि मुठी उठाउन पाउने, शायद लोकतन्त्रले भोका जनतालाई पेट थिचेको यसबाट पनि स्पष्टै हुन्छ । पैदल हिँड्नसमेत सास्ती छ । को कति बेला धुलाइमा पर्छ, थाहै हुन्न ।

*(साभार: न्यूज अफ नेपाल)*

# सरकार, काठमाडौंको यातायात प्रणाली यसरी होला सुधार

✍ महेश दुलाल

काठमाडौं उपत्यकाका लाखौं बासिन्दाका लागि हरेक दिनको यात्रा केवल एक स्थानबाट अर्कोमा पुग्नु मात्र होइन, एक अनिश्चित र कठिन संघर्ष पनि हो । हाम्रो सार्वजनिक यातायात प्रणाली यति अव्यवस्थित, खण्डित र पुरानो भइसकेको छ कि यसले शहरको आर्थिक गतिशीलता, वातावरणीय स्वास्थ्य र नागरिकको जीवनस्तरमा गम्भीर र दूरगामी असर पारेको छ । एकीकृत नियामक निकायको अभावमा, हजारौं निजी सवारी सञ्चालकहरूले आफ्नो इच्छा अनुसार र एकआपसमा अस्वस्थ प्रतिस्पर्धा गर्दै सेवा दिइरहेका छन् । यसले गर्दा यात्रुहरू अनिश्चित समयतालिका, खचाखच भीड र असुरक्षित यात्राको सामना गर्न बाध्य छन् । यो अराजकताले शहरलाई मात्र कुरूप बनाएको छैन, यसले हरेक नागरिकको बहुमूल्य समय र उत्पादकत्वलाई समेत निरन्तर नष्ट गरिरहेको छ ।

यो प्रणालीगत असफलताको प्रभाव चौतर्फी छ । सडकमा देखिने घण्टौंको जामले नागरिकको मानसिक स्वास्थ्यमा असर पार्नुका साथै व्यवसायको सञ्चालन लागत बढाएर समग्र आर्थिक गतिविधिलाई नै सुस्त बनाएको छ । वातावरणीय दृष्टिकोणबाट हेर्दा, पुराना र मर्मत नगरिएका सवारी साधनहरू वायु प्रदूषणको एक प्रमुख स्रोत बनेका छन्, जसले गर्दा उपत्यकाको वायु गुणस्तर विश्वकै सबैभन्दा खराब मध्येमा पर्छ । यसले श्वासप्रश्वास र मुटु सम्बन्धी गम्भीर रोगहरू निम्त्याएर जनस्वास्थ्यमाथि प्रत्यक्ष हमला गरिरहेको छ । सेवाको पहुँचमा पनि ठूलो असमानता छ, शहरका भित्री क्षेत्रहरूमा सवारीको चाप अत्यधिक छ भने नयाँ आवासीय र अर्धशहरी क्षेत्रहरूमा भरपर्दो यातायातको अभाव छ, जसले गर्दा त्यहाँका बासिन्दाहरू शिक्षा, स्वास्थ्य र रोजगारीका अवसरहरूबाट वञ्चित भइरहेका छन् । तर, यो निराशाजनक अवस्थालाई बदल्न असम्भव भने छैन । काठमाडौंले सामना गरिरहेका चुनौती विश्वका अन्य शहरहरूले पनि सामना गरेका थिए र सफलतापूर्वक समाधानका उपायहरू पहिल्याएका छन् । म हाल सान फ्रान्सिस्को वे एरियामा बस्छु र यहाँको सार्वजनिक यातायात प्रणालीबाट प्रभावित पनि छु । सान फ्रान्सिस्को वे एरियामा भएको एकीकृत यातायातको मोडेलबाट सिकेर काठमाडौंले पनि आफ्नो यातायात सञ्जाललाई व्यवस्थित र आधुनिक बनाउन सक्छ भन्ने मलाई लाग्छ ।

**एकीकृत यातायात प्राधिकरण**

काठमाडौंको यातायात संकट कुनै आकस्मिक घटना होइन, यो वर्षौंको खण्डित र दूरदृष्टिविहीन व्यवस्थापनको परिणाम हो । यस समस्याको सबैभन्दा गहिरो जड भनेको एकीकृत सुशासनको पूर्ण अभाव हो । हाल यातायात व्यवस्था विभाग, विभिन्न नगरपालिका र निजी सवारी सञ्चालकहरूबीच कुनै प्रभावकारी समन्वयको संयन्त्र छैन । विभागले भाडाको सीमा तोक्ने बाहेक, रुटहरूको योजना, समयमहेश दुलाल-तालिकाको व्यवस्थापन र सेवाको गुणस्तर जस्ता महत्त्वपूर्ण पक्षहरूमा निजी सञ्चालकहरू नै हावी छन् ।

यसको ठीक विपरीत, सान फ्रान्सिस्को वे एरियाको उदाहरण हेर्दा, त्यहाँको 'मेट्रोपोलिटन ट्रान्सपोर्टेसन कमिसन (एमटीसी)' ले वे एरिया र्‍यापिड ट्रान्जिट (मेट्रो रेल) (बीएआरटी), सान फ्रान्सिस्कोको स्थानीय ट्रान्जिट, रेल र भ्याली ट्रान्सपोर्टेसन अथोरिटी ९भीटीए० जस्ता २७ भन्दा बढी विभिन्न र शक्तिशाली यातायात एजेन्सीहरू बीच समन्वय गरेर एउटा एकीकृत र सहज प्रणाली सुनिश्चित गरेको छ । यस्तो केन्द्रीकृत समन्वय काठमाडौंमा पूर्ण रूपमा अनुपस्थित छ, जसले गर्दा प्रणालीगत अराजकता मौलाएको छ । यो संरचनागत कमजोरीलाई सम्बोधन गर्न, एक मात्र ठोस र प्रभावकारी समाधान भनेको काठमाडौं उपत्यका यातायात प्राधिकरणको स्थापना । यो प्राधिकरण हालको यातायात व्यवस्था विभाग वा नगरपालिकाहरूको भूमिकालाई विस्थापित गर्न नभई, ती सबै निकाय र निजी क्षेत्रलाई समेत एउटै छातामुनि ल्याएर समन्वयकारी र नियामक नेतृत्व प्रदान गर्न हुनेछ ।

प्राधिकरणको मुख्य उद्देश्य निजी सञ्चालकहरूलाई एउटा व्यवस्थित, पारदर्शी र जवाफदेही ढाँचाभित्र ल्याएर सेवाको गुणस्तर सुधार र लगानीको सुरक्षा गर्नु हुनेछ । यो निकायले सान फ्रान्सिस्कोको एमटीसी जस्तै एक केन्द्रीकृत मोडेलमा काम गर्नेछ, जसले नीतिनिर्माणदेखि कार्यान्वयनसम्मको नेतृत्व लिनेछ । यो प्राधिकरणले गर्ने मुख्य कार्यहरू स्पष्ट रहने छ :

पहिलो, यसले सबै रुटहरूको वैज्ञानिक तवरले पुन:संरचना गर्नेछ, ताकि सेवा नपुगेका क्षेत्रहरूमा पहुँच विस्तार होस् र अनावश्यक दोहोरोपन हटाइयोस् ।

दोस्रो, यसले सम्पूर्ण उपत्यकामा एकीकृत भाडा प्रणाली लागू गर्नेछ र सान फ्रान्सिस्कोको क्लिपर कार्ड जस्तै एक ट्स्मार्ट टिकेटिङ प्रणालीको विकास गर्नेछ, जसले यात्रुहरूलाई एउटै कार्ड वा मोबाइल एपमार्फत सबै प्रकारका सवारीमा सहजै भुक्तानी गर्न अनुमति दिनेछ ।

तेस्रो, यसले यातायात योजनालाई शहरी विकास योजनासँग जोड्छ, जसले गर्दा यातायात हबहरूको वरिपरि व्यवस्थित बसोबासलाई प्रोत्साहन मिल्नेछ र निजी सवारीमाथिको निर्भरता घट्नेछ ।

यी कार्यहरूले काठमाडौंको यातायात प्रणालीलाई केवल व्यवस्थित मात्र बनाउँदैन, यसलाई भविष्यका लागि दिगो र नागरिकमैत्री बनाउने आधार तयार पार्नेछ ।

**रूपान्तरणका मुख्य स्तम्भहरू : एक एकीकृत कार्यान्वयन योजना**

काठमाडौं उपत्यका यातायात प्राधिकरण (केभीटीए) को स्थापना केवल एक संगठनात्मक परिवर्तन मात्र होइन यो एक समग्र रूपान्तरणको सुरुआत हो । यो प्राधिकरणले निम्न चार मुख्य स्तम्भहरूमा आधारित भएर काम गर्नेछ, जसले काठमाडौंको यातायात प्रणालीलाई आधुनिक, दिगो र नागरिक-मैत्री बनाउनेछ।

**१. आधुनिक र प्रभावकारी पूर्वाधार निर्माण**

कुनै पनि सफल यातायात प्रणालीको जग त्यसको भौतिक पूर्वाधार हो । काठमाडौंको वर्तमान सडक सञ्जाल निजी सवारीका लागि समेत अपर्याप्त छ भने सार्वजनिक यातायातका लागि यो झनै अव्यवस्थित छ । यसलाई सुधार गर्न निम्न पूर्वाधार विकासमा जोड दिनुपर्छ:

डेडिकेटेड बस लेन: चक्रपथ र अन्य मुख्य व्यापारिक मार्गहरूमा सार्वजनिक बसका लागि मात्र छुट्टै लेन निर्माण गर्नु पहिलो प्राथमिकता हो । यस्ता लेनहरूले बसको यात्रा समयलाई १८ प्रतिशतसम्म घटाउन सक्छन् जसले गर्दा सार्वजनिक यातायात छिटो, भरपर्दो र आकर्षक बन्नेछ ।

मल्टिमोडल ट्रान्जिट हब : आधुनिक यातायात प्रणालीको अर्को महत्त्वपूर्ण पूर्वाधार भनेको मल्टिमोडल ट्रान्जिट हब हो । यसअन्तर्गत यात्रुहरूले बस, माइक्रोबस, ट्याक्सी र भविष्यमा बन्न सक्ने रेल सेवाहरूबीच सहजै साधन परिवर्तन गर्न सक्ने गरी एकीकृत ट्रान्जिट हबहरूको निर्माण गरिनुपर्छ ।

अर्थात्, यो एउटै व्यवस्थित र सुरक्षित स्थान हो जहाँबाट यात्राको हरेक चरण पूरा गर्न सकिन्छ । उदाहरणका लागि, एउटा व्यवस्थित ट्रान्जिट हबमा लामो दूरीको बसबाट ओर्लिएपछि, यात्रुले त्यही भवनभित्र आफ्नो टोलतिर जाने साना 'फिडर' बस, तोकिएको भाडामा चल्ने ट्याक्सी स्ट्यान्ड वा राइड-सेयरिङका लागि निश्चित पिक-अप जोन सहजै भेट्टाउन सक्छन् । यसले गर्दा अर्को गाडी खोज्न सडकमा भौंतारिनुपर्ने झन्झट अन्त्य हुन्छ ।

यसरी, एकीकृत ट्रान्जिट हबले लामो दूरीको सार्वजनिक यातायात र यात्रुको अन्तिम गन्तव्य (घर वा कार्यालय) बीचको 'लास्ट-माइल कनेक्टिभिटी' को समस्यालाई समाधान गर्न पुलको काम गर्छ । यसको अन्तिम लक्ष्य भनेको यात्रालाई टुक्रा-टुक्रामा होइन, एउटै एकीकृत र सुविधायुक्त अनुभवको रूपमा विकास गर्नु हो । जब यात्रा सहज, सुरक्षित र अनुमानयोग्य हुन्छ, तब मात्र यात्रुहरूले निजी सवारीको विकल्पमा सार्वजनिक यातायातलाई पहिलो रोजाइ बनाउँछन्, जसले अन्ततः शहरको ट्राफिक जाम र प्रदूषण घटाउन मद्दत गर्छ । यातायात-उन्मुख विकास (टीओडी) : यो एक रणनीतिक शहरी योजना हो जहाँ सार्वजनिक यातायातका स्टेशन र हबहरूको वरिपरि घना आवासीय र व्यापारिक केन्द्रहरू विकास गर्ने नीतिलाई अगाडि बढाउनुपर्छ । यसले मानिसहरूलाई आफ्नो घरबाट काम, बजार वा अन्य सेवाहरू लिन हिंडेरै वा छोटो दूरीको यात्राबाटै पुग्न सक्ने बनाउँछ, जसले गर्दा निजी सवारी साधनको आवश्यकता कम हुन्छ । सिङ्गापुर र टोकियो जस्ता शहरहरूले यो मोडेल अपनाएर निजी सवारीमाथिको निर्भरता घटाउन र सार्वजनिक यातायातको प्रयोग बढाउन सफल भएका छन् ।

**२. दिगो र वातावरणमैत्री प्रविधि**

काठमाडौंको वायु प्रदूषणको प्रमुख कारक यहाँका पुराना डिजल सवारीहरू हुन् । एक स्वस्थ र बस्नलायक शहरका लागि वातावरणमैत्री प्रविधिमा जानुको विकल्प छैन ।

-विद्युतीकरण : उपत्यकाको सम्पूर्ण सार्वजनिक यातायात फ्लिटलाई चरणबद्ध रूपमा विद्युतीकरण गरिनुपर्छ । यसमा ब्याट्रीबाट चल्ने इलेक्ट्रिक बसहरूका साथै लामो दूरी र उच्च चाप हुने रुटहरूका लागि हाइड्रोजन फ्युल सेल बसहरू पनि समावेश गर्न सकिन्छ । विद्युतीय सवारीले वायु प्रदूषण र हरितगृह ग्यास उत्सर्जन घटाएर जनस्वास्थ्यमा सुधार ल्याउने मात्र नभई, डिजलको तुलनामा सञ्चालन र मर्मत खर्च कम हुने हुँदा दीर्घकालमा आर्थिक रूपमा पनि फाइदाजनक हुन्छ । सान फ्रान्सिस्कोले सन् २०३५ सम्ममा आफ्नो सम्पूर्ण बस फ्लिटलाई शून्य-उत्सर्जन बनाउने लक्ष्य लिएको छ, जुन काठमाडौंका लागि एक अनुकरणीय लक्ष्य हुन सक्छ ।

-चार्जिङ पूर्वाधारको विकास: विद्युतीय बसहरूको सफल सञ्चालनका लागि उपत्यकाभरि आवश्यक चार्जिङ स्टेशनहरूको सञ्जाल निर्माण गर्न निजी क्षेत्रसँग सहकार्य गर्न सकिन्छ ।

**३. समतामूलक पहुच र सामाजिक समावेशीकरण**

सार्वजनिक यातायात नाफामुखी व्यवसाय मात्र नभई एक अत्यावश्यक सामाजिक सेवा पनि हो । यो प्रणाली समाजका सबै वर्ग र समुदायका लागि पहुँचयोग्य हुनुपर्छ ।

-आय आधारित भाडा सहुलियत: न्यून आय भएका परिवार, विद्यार्थी र ज्येष्ठ नागरिकहरूका लागि भाडामा अनुदान दिने कार्यक्रमहरू लागू गरिनुपर्छ । यो अहिले नभएको होइन तर यसमा निरन्तरता छैन । जस्तो कि राति ७ बजेपछि या विभिन्न चाड पर्वको समयमा सहुलियत नदिइएको घटना हामीले सुन्दै आएका छौं । सान फ्रान्सिस्कोको लो इन्कम फेयर प्रोग्राम (एलआईएफपी)ले प्रत्येक वर्ष लाखौं बढी न्यून आय भएका यात्रुहरूलाई सस्तोमा यात्रा सेवा प्रदान गरिरहेको छ। म आफैं पनि यही प्रोग्राम अन्तर्गतमा रहेर यात्रा गर्छु ।

क्रमश: पृष्ठ-३...

# प्रधानमन्त्रीले नै रोके त्रिविको नीति तथा कार्यक्रम



काठमाडौं/त्रिभुवन विश्वविद्यालयको नीति तथा कार्यक्रम बेगर नै आर्थिक वर्ष २०८२/०८३ को बजेट आएको छ । प्रधानमन्त्री निवास बालुवाटारमा बसेको त्रिविको सभामा रजिस्ट्रार प्रा.डा. केदारप्रसाद रिजालले २८ अर्ब १२ करोड ५७ लाख २१ हजार को बजेट प्रस्तुत गरेका हुन् । त्रिविको यो बजेट गत वर्षको भन्दा ७.४८ प्रतिशतले बढी हो । जसमा त्रिविको आफ्नै स्रोतबाट ४९.३९ प्रतिशत र सरकारको अनुदानबाट ५०.६१ प्रतिशत बजेट प्राप्त हुनेछ । बजेट प्रस्तुत गरेका रजिस्ट्रार रिजालका अनुसार ८५ प्रतिशत बजेट तलब भत्तामा खर्च हुनेछ ।

'१४.८८ प्रतिशत विकासमा खर्च हुन्छ । शिक्षक कर्मचारी प्रविधिमैत्री बनाउन क्षमता अभिवृद्धिका लागि १७ करोड ४३ लाख ४० हजार छुट्टाएको छ । अब नयाँ शिक्षक राख्न लागेको भएर उनीहरूलाई सेवाकालीन तालिम राम्रो दिनको लागि हो,' रजिस्ट्रार रिजालले भने । त्रिविले अनुसन्धानको लागि ३७ करोड ७ लाख २३ हजार छुट्टाएको छ । यो कुल बजेटको १.३१ प्रतिशत हो । अनुसन्धानको लागि २ प्रतिशत छुट्टाउनु पर्ने हो तर कम बजेट छुट्टाइएको छ । त्रिविको सूचना प्रविधि संयन्त्र विकास गर्न २ करोड छुट्टाइएको छ । सभाले विभिन्न संकाय र तहमा उत्तिर्ण भएका ८९ हजार एक सय ९१ विद्यार्थीहरुसहितको ६३ औं ग्रेसलिष्ट पनि पारित गरेको छ ।

**यस्तो छ त्रिविको बजेट:**

### अध्ययन बिदाको दुरूपयोग गर्नेबाट उठ्ने रकम त्रिविको आम्दानी

त्रिविले आफ्नो आन्तरिक आम्दानीको स्रोतमा अध्ययन बिदामा गएर नफर्किने शिक्षक कर्मचारीबाट उठ्ने रकमलाई पनि राखेको छ । 'त्रिवि मातहतका विभिन्न निकायबाट उच्च शिक्षा अध्ययन बिदा उपयोग गरी नफिर्किएका र उपाधि हासिल नगरेका शिक्षक कर्मचारीबाट असुल हुन आउने रकम कोषमा राखिनेछ,' रजिस्ट्रार रिजालले भने ।

अध्ययन बिदामा गएर नफर्किने शिक्षक कर्मचारीलाई कारबाही सुरु गरिएको उनले बताए । 'अध्ययन बिदाको दुरुपयोग गर्ने शिक्षक कर्मचारीको खोजी गर्न समिति बनाएको थियो । समितिको प्रतिवेदन अनुसार कारबाही सुरु भएको छ । यसले आर्थिक स्रोत बढ्छ,' रजिस्ट्रार रिजालले भने । यसरी बिदा दुरुपयोग गर्नेमा ४ सय प्राध्यापक छन् । उनीहरूबाट त्रिविको करिब २ अर्ब बढी रुपैयाँ उठ्ने त्रिविको अनुमान छ ।

### नीति तथा कार्यक्रम रोकियो

त्रिविको बजेट आएपनि नीति तथा कार्यक्रम भने रोकिएको छ । त्रिवि स्रोतका अनुसार कुलपति एवं प्रधानमन्त्री केपी ओलीले नीति तथा कार्यक्रम रोकेका हुन् । नीति तथा कार्यक्रम प्रस्तुत नगरी बजेट मात्र ल्याएकोमा सिनेटमा सहभागी सदस्यहरूले नै असन्तुष्टि जनाएका छन् । 'नीति तथा कार्यक्रम आएन । प्रधानमन्त्रीको हस्तक्षेप देखियो,' सभामा सहभागी एक सदस्यले भने, 'नीति नभइ बजेट बन्दैन, उल्टो भयो । संसारको अर्थशास्त्रको नियम विपरीत बजेट आयो ।'

नीति तथा कार्यक्रम प्रस्तुत नगरी बजेट मात्र आएकोमा सभाका अधिकांश सदस्य आश्चर्यमा परेका छन् । 'नीति नभइ कसरी बजेट बन्छ ? पुल बन्ने पक्का भएपछि पो पुललाई बजेट छुट्टाउने हो । पुललाई बजेट छुट्टाएर अनि पुल कहाँ बनाउने भनेर खोज्ने जाने हो ?,' सभामा सहभागी अर्का एक सदस्यले प्रश्न गरे ।

त्रिविको कर्मचारी स्रोतका अनुसार, कुलपति एवं प्रधानमन्त्री ओलीले दुई महिना अघि नै नीति तथा कार्यक्रम र बजेट दुवै बनाउन निर्देशन दिएका थिए । सोही अनुसार त्रिविले दुवै तयारी पनि गरेको थियो । 'रात दिन बसेर नीति तथा कार्यक्रम र बजेटमा काम गरेका थियौं । अन्तिममा नीति तथा कार्यक्रम रोकेर बजेट मात्र प्रस्तुत गर्न भनियो,' सोही कार्यमा संलग्न एक कर्मचारीले सुनाए ।

ती कर्मचारीका अनुसार त्रिविले नीति तथा कार्यक्रम पनि बनाएको थियो । 'नीति तथा कार्यक्रम योजना परिषद् र कार्यकारीले पास गरेको थियो,' ती कर्मचारीले भने । त्रिविको योजना परिषद् भनेको सरकारको राष्ट्रिय योजना आयोग जस्तै निकाय हो । कार्यकारीले पास गरेको नीति तथा कार्यक्रम गत २२ असारमा बोलाएको सिनेटमा पेस गर्ने योजना थियो । तर उक्त दिन प्रधानमन्त्री ओलीले सिनेट नै स्थगित गरेर हुम्ला गए ।

त्यसपछि २६ गते आजको लागि बोलाइएको सभामा पेस गर्ने पदाधिकारीको तयारी थियो । 'तर कार्यक्रम पेस नगर्न निर्देशन आयो,' ती कर्मचारीको दाबी । बुधबार कुलपति ओलीले नयाँ उपकुलपति नियुक्त गरेकाले पनि नीति तथा कार्यक्रम रोकेको बुझाइ सभाका सदस्यहरूको छ । 'जसले नीति तथा कार्यक्रम तयार पारेको थियो उसैलाई प्रस्तुत गर्न दिएको भए हुने । कि केही सातालाई सभा सारेको भए पनि हुने हो । सिनेट बस्ने अघिल्लो दिन नयाँ भीसी नियुक्त गरेर कुलपतिले नीति तथा कार्यक्रम रोक्नुभयो,' सभामा सहभागी अर्का एक सदस्य बताउँछन् ।

कुलपति एवं प्रधानमन्त्री ओलीले साउनमा नीति तथा कार्यक्रम ल्याउन निर्देशन दिएका छन् । 'बजेट आइसक्यो अब के नीति तथा कार्यक्रम ल्याउनु ?,' ती सदस्यले प्रश्न गरे । प्रा.डा. केसरजंग बरालले उपकुलपतिबाट चैत १५ मा राजीनामा दिएपछि उपकुलपतिको जिम्मेवारी शिक्षाध्यक्ष खड्ग केसीलाई दिइएको थियो । केसीले सिनेटमा प्रस्तुत गर्न नीति तथा कार्यक्रम बनाएका थिए । तर, कुलपति ओलीले सिनेटको अघिल्लो दिन नयाँ उपकुलपति बनाएपछि केसीले नीति तथा कार्यक्रम पेस गर्न पाएनन् ।

### विद्यार्थी बिनाको सिनेट

त्रिविको वार्षिक कार्यक्रम र बजेट प्रस्तुत गर्ने सभामा विद्यार्थी प्रतिनिधि सहभागी हुन पाएनन् । स्वतन्त्र विद्यार्थी युनियनकोबाट दुई जना विद्यार्थी प्रतिनिधि सहभागी हुने गरेको थियो । तर, यसपटकको सभामा विद्यार्थी प्रतिनिधि सभहभागी हुन पाएनन् । चैत ५ मा स्ववियुको चुनाव भएपछि नयाँ निर्वाचित प्रतिनिधि आएका थिए । त्रिविको ऐनमा पनि विद्यार्थी प्रतिनिधि रहने व्यवस्था छ । सोही अनुसार त्रिविले नाम पनि पठाएको थियो । तर कुलपति ओलीले स्वीकृत नगर्दा विद्यार्थी प्रतिनिधि सहभागी हुन नपाएका हुन् ।

'त्रिविको ५१ सिनेट सदस्य हुन्छ । जसमा ११ जना खालि थियो । २० दिनअघि नै नाम कुलपतिलाई पठाएको हो । कुलपतिले पत्र नै पठाउनु भएन । आजको सभामा विद्यार्थी सहभागी हुन पाएनन्,' सभामा सहभागी एक सदस्यले भने, 'कुलपतिलाई २ जना विद्यार्थी र ९ जना विभिन्न क्षेत्रका व्यक्तिको नाम पठाएको थियो ।'

कुलपतिले आफूहरूलाई सहभागी नगराको भन्दै विद्यार्थीहरूले विरोध जनाएका छन् । त्रिविमा कुलपतिले ठाडो हस्तक्षेप गरेको विद्यार्थीहरूको आरोप छ । 'विद्यार्थीको अधिकार कुण्ठित गर्ने नियतले प्रतिनिधि बिनै बसेको विश्वविद्यालय सभा बैठक हाम्रा लागि मान्य छैन । त्रिभुवन विश्वविद्यालय स्वतन्त्र शैक्षिक निकाय हो, यहाँ हुने कुनै पनि बाह्य हस्तक्षेप स्वीकार्य हुँदैन,' त्रिवि विश्वविद्यालय क्याम्पसका स्ववियु अध्यक्ष दिपक जोशीले भने ।

नीति तथा कार्यक्रम बेगर बजेट ल्याएकोमा पनि विद्यार्थीहरूले विरोध गरेका छन् । 'विश्वविद्यालयले नीति तथा कार्यक्रमबिनै एकैचोटी नीति, कार्यक्रम तथा बजेट ल्याउनु र त्यसमाथि पनि विश्वविद्यालय ऐनले चिनेको स्वतन्त्र विद्यार्थी युनियनको प्रतिनिधि बिना बैठक बस्नु दुर्भाग्य कदम हो,' जोशीले भने ।

### बालुवाटारमा सभा बोलाएकोमा विरोध

त्रिविको आफ्नै सभा हल छ । तर प्रधानमन्त्री ओलीले प्रधानमन्त्री निवास बालुवाटारमा बोलाइदिए । सदस्यहरूले सभामा नै बालुवाटारमा सिनेट बोलाएकोमा प्रश्न उठाएका छन् । 'त्रिवि र बालुवाटार आउजाउ गर्न २० मिनेट लाग्ला । त्रिविको आफ्नै सिनेट हल छ । विश्वविद्यालयमै गरेको भए सबैको अपनत्व हुने थियो । त्रिविमा किन नगरेको भनेर कसैले सोध्यो भने हामीले के जवाफ दिने ?,' सभामा सहभागी प्राध्यापक संघका अध्यक्ष वसन्त ढकालले प्रश्न गरे ।

### प्रधानमन्त्री कुलपति हुने प्रावधान हटाऔं

त्रिविका प्रज्ञहरूले लामो समयमदेखि प्रधानमन्त्री कुलपति हुने प्रावधान हटाउनुपर्ने आवाज उठाइ रहेका छन् । नीति तथा कार्यक्रम नै ल्याउन नपाउनुको मुख्य कारण कुलपति प्रधानमन्त्री हुने व्यवस्था भएकाले कानुन नै परिवर्तन गर्नुपर्ने प्राज्ञहरू बताउँछन् । सरकार र राजनीतिक दलको हस्तक्षेप रोक्न त्रिविलाई बोर्ड अफ ट्रस्टिज्मा लैजानुपर्ने मत राख्छन् त्रिविका पूर्व उपकुलपति केदारभक्त माथेमा ।

'कानुन परिवर्तन गरेर त्रिविलाई बोर्ड अफ ट्रस्टिजमा लैजानुपर्छ । सरकारी राजनीतिक हस्तक्षेपबाट मुक्त गराउन बोल्ड निर्णय गर्नुपर्छ,' पूर्व उपकुलपति माथेमाले भने, '२० औं वर्ष भयो यो विषय उठाएको सुनुवाइ भएको छैन । अहिलेसम्म प्रधानमन्त्री भएका सबैलाई भेटेर भनेको हो । बोल्दा बोल्दा थाकियो । सुनुवाइ भएको छैन ।'

*(स्रोत: अनलाइनखबरं)*

---

'यो मन त मेरो नेपाली हो' प्रिमियर :

# नेपालीपनले भरिएको कथा



काठमाडौं/यो महिनाको पहिलो र अन्तिम फिल्मको रुपमा यही शुक्रबारबाट फिल्म 'यो मन त मेरो नेपाली हो' प्रदर्शनमा आउने तयारीमा छ । देशभक्ति भावनाको कथावस्तुमा आधारित यो फिल्मको बुधबार काठमाडौंको कमलपोखरीस्थित बिग मुभिजमा प्रिमियर गरियो । फिल्मकर्मीदेखि अन्य क्षेत्रका व्यक्तिहरूको उपस्थिति रहेको प्रिमियरमा अधिकांशले फिल्मको कथावस्तुको प्रशंसा गरेका छन् ।

निर्देशक तुलसी घिमिरेले फिल्मले नेपाली भाषाको संरक्षण तथा प्रवर्द्धन गर्ने प्रयास प्रशंसनीय रहेको बताए । फिल्मले अहिलेको पुस्तालाई नेपाली भाषाप्रति जिम्मेवार बनाउने सन्देश दिएको उनको भनाइ छ । कलाकार राजाराम पौडेलले नेपालीपनले भरिएको कथा र नेपाली भाषाको महत्त्व बुझाउने प्रयासका कारण 'यो मन त मेरो नेपाली हो' सम्पूर्ण नेपालीले हेर्नै पर्ने फिल्म भएको बताए ।

निर्देशक अशोक शर्माले देशभक्ति कथावस्तुमा फिल्म बनाउने आँट गर्नु नै ठूलो कुरा रहेको बताए । उनले फिल्मले दर्शकको मन जित्ने विश्वास व्यक्त गरे । लोकगायिका ज्योति मगरले हरेक नेपालीले हेर्नुपर्ने फिल्म बनेको भन्दै यसको विषयवस्तुको प्रशंसा गरिन् । सञ्चारकर्मी सुशील नेपालले फिल्मको कथावस्तु सान्दर्भिक रहेको बताउँदै यस्ता फिल्मलाई राज्यले पूर्ण कर छुट दिनुपर्ने बताए ।

प्रिमियरमा चलचित्र विकास बोर्डका पूर्व अध्यक्ष राजकुमार राई, निर्देशकहरू राजेन्द्र सलभ, ऋषि लामिछाने, सशस्त्र प्रहरीका महानिरीक्षक वंशीराज दाहाल, पत्रकार टीकाराम यात्री, गायक बद्री पगेनी, गायिका राधिका हमाल, कलाकार संघका अध्यक्ष मोहन निरौला, निर्देशक समाजका अध्यक्ष जनकदीप पराजुली, पूर्व सभासद महेन्द्र लिम्बू लगायतको पनि उपस्थिति रहेको थियो ।

मित्र प्रधान (नर)को निर्देशनमा तयार भएको 'यो मन त मेरो नेपाली हो'मा विजय बराल, रोशन श्रेष्ठ, विल्सन विक्रम राई, बुद्धि तामाङ, आयुषा समाल, नारायण खाती, भुपेन्द्र लिङ्देन, सुवास भण्डारी, विजय सुब्बा, विजिता परियार लगायतले अभिनय गरेका छन् । ज्ञान बहादुर प्रधान (रोशन)को निर्माण रहेको यो फिल्म नेपाली भाषा, कला, संस्कृति बचाउनुपर्ने कथावस्तुमा आधारित छ ।

---

# क्याप्टेन रामेश्वर थापाको जीवनकथामा 'क्याप्टेन साब' बन्ने




काठमाडौं/क्याप्टेन तथा सञ्चार उद्यमी रामेश्वर थापाको जीवनकथामा आधारित भएर फिल्म 'क्याप्टेन साब' बन्ने भएको छ । बिहीबार गुरु पूर्णिमाको अवसर पारेर काठमाडौंको गौरीघाटमा शुभ मुहूर्त गर्दै फिल्मबारे जानकारी गराइयो । व्यवसायी डा. उपेन्द्र महतोले क्ल्याप ठोकेर फिल्मको मुहूर्त गरेका थिए । कार्यक्रममा क्याप्टेन थापा पनि उपस्थित थिए ।

दीपेन्द्र के. खनालको निर्देशनमा बन्न लागेको यो फिल्ममा खगेन्द्र लामिछाने, सुरक्षा पन्त र सञ्जोग रसाइलीको मुख्य भूमिका रहनेछ । खगेन्द्रले क्याप्टेन थापाको भूमिका निर्वाह गर्ने जनाइएको छ । दीपेन्द्रले यसअघि 'धनपति'मा खगेन्द्र र सुरक्षालाई मुख्य भूमिकामा लिएका थिए । त्यसयता एउटै फिल्ममा यी तीन जनाको यो पहिलो पटक सहकार्य हो ।

पटकथा प्रडक्सन र यार्सा स्टुडियोले निर्माणमा सहकार्य गरेको फिल्ममा कृष्णबहादुर थापाको छायांकन रहनेछ । आगामी भदौबाट काठमाडौं, चितवन र काभ्रेका विभिन्न स्थानमा फिल्मको छायांकन गरिने जनाइएको छ । यो फिल्मको निर्माताहरुमा निर्देशक दीपेन्द्रसँगै करण श्रेष्ठ र श्रृष्टिमा खनाल रहेका छन् । कार्यकारी निर्माता सिर्जना नापित हुन् ।

क्याप्टेन थापाको संस्मरणात्मक कृति 'इन्टो द फायर' (बारुदमाथि उड्दा)मा आधारित भएर बन्न लागेको फिल्ममा निर्देशक खनाल स्वयंको लेखन रहेको छ । उनले 'क्याप्टेन साब' एक फरक खालको फिल्म हुने बताए । क्याप्टेन थापाको जीवनका उतारचढावसँगै सिनेम्याटिक लिबर्टी लिएर पूर्ण मनोरञ्जनात्मक फिल्म बनाइने उनको भनाइ छ ।

आफ्नो 'फ्लाइङ करिअर'मा ९ हजार घन्टाभन्दा बढी समय आकाशमा उडेका क्याप्टेन थापा माओवादी सशस्त्र युद्धको समयमा जोखिम मोलेर घाइते सुरक्षाकर्मीहरूको उद्धारमा खटिएका थिए । अन्नपूर्ण मिडिया नेटवर्कका अध्यक्ष तथा सिम्रिक एयरका सञ्चालक समेत रहेका उनीमाथि सहकारीको बचत टेलिभिजनमा लगानी गरेको जस्ता विभिन्न आरोप छन् ।

---

# लघुवित्तले बैंकको औसत 'आधार दर'मा ९ प्रतिशत विन्दु थप गरी ब्याजदर कायम गर्नु पर्ने

काठमाडौं/लघुवित्त वित्तीय संस्थाले आगामी आर्थिक वर्ष देखि कर्जाको ब्याजदर निर्धारण गर्दा वाणिज्य बैंकको औसत 'आधार दर' लाई मूख्य आधार बनाउनु पर्ने भएको छ । लघुवित्तले वाणिज्य बैंकको औसत आधार दरमा ९ प्रतिशत विन्दु थप गरेर ब्याजदर कायम गर्नु पर्ने भएको हो । नेपाल राष्ट्र बैंकका अनुसार लघुवित्तहरुलाई हालसम्म प्रवाह भएको तथा बक्यौता ब्याजमा १५ प्रतिशत नै लिनु पर्नेछ । तर, नयाँ कर्जा दिँदा आधार प्लस ३ प्रतिशत प्रिमियम अर्थात् वाणिज्य बैंकहरुको पछिल्लो महिनाको औसत आधार दरमा ९ प्रतिशत विन्दु जोडेर कायम गर्न पाउने व्यवस्था केन्द्रीय बैंकले गरेको छ ।

केन्द्रीय बैंकका अनुसार लघुवित्त वित्तीय संस्थाहरुले साउन आगामी १ भन्दा अगाडि प्रवाह गरेको तथा हाल बक्यौता रहेको कर्जाको हकमा आफ्ना ग्राहकसँग लिने ब्याजदर अधिकतम् १५ प्रतिशतसम्म निर्धारण गर्न सक्ने छन् । तर, नयाँ आर्थिक वर्ष सुरु भएपछि प्रवाह हुने कर्जामा 'आधार दर'सँग आबद्ध गरी तय गर्नु पर्ने व्यवस्था केन्द्रीय बैंकले गरेको छ । लघुवित्त वित्तीय संस्थाहरुले आफ्ना ग्राहकसँग कर्जामा लिने ब्याजदर आफ्नो आधार दरमा बढीमा ३ प्रतिशत विन्दुसम्म प्रिमियम थप गरी त्रयमास रुपमा निर्धारण गर्नु पर्नेछ ।

ब्याजदर निर्धारण गर्दा लघुवित्त वित्तीय संस्थाहरुले आफ्नो पछिल्लो तीन महिनाको प्रकाशित औसत आधार दरमा प्रिमियम थप गरी निर्धारण गर्नु पर्ने व्यवस्था केन्द्रीय बैंकले गरेको छ । तर, लघुवित्त वित्तीय संस्थाले आफ्ना ग्राहकसँग कर्जामा लिने ब्याजदर निर्धारण गर्दा केन्द्रीय बैंकबाट प्रकाशित 'देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति' मा उल्लेख भएबमोजिम वाणिज्य बैंकहरुको पछिल्लो मासिक औसत आधार दरमा ९ प्रतिशत विन्दु थप गर्दा हुन आउने दरभन्दा बढी हुने गरी कर्जाको ब्याजदर निर्धारण गर्न पाइने छैन ।

लघुवित्त वित्तीय संस्थाहरुले आफ्नो आधार दरमा बढीमा ३ प्रतिशत विन्दुसम्म प्रिमियम थप गर्दा हुनआउने ब्याजदर र यस बैंकबाट प्रकाशित देशको वर्तमान आर्थिक तथा वित्तीय स्थितिमा उल्लेख भएबमोजिम वाणिज्य बैंकहरुको पछिल्लो मासिक औसत आधार दरमा ९ प्रतिशत विन्दु थप गर्दा हुन आउने ब्याजदरमध्ये जुन कम हुन्छ सो दरको सीमा भित्र रही आफ्ना ग्राहकसँग कर्जामा लिने ब्याजदर निर्धारण गर्नु पर्नेछ ।

लघुवित्त वित्तीय संस्थाले मासिक रुपले आधार दर तयार गरी महिना समाप्त भएको १५ दिनभित्र केन्द्रीय बैंकमा पेश गर्नुपर्ने छ । साथै, आधार दर मासिक रुपमा आफ्नो वेबसाइटमा समेत प्रकाशन गर्नु पर्ने व्यवस्था गरिएको छ । आगामी त्रयमासका लागि कर्जा तथा सापटमा लागू हुने ब्याजदर सम्बन्धी सूचना त्रयमास शुरु हुनु पूर्व आफ्नो वेबसाइट तथा शाखा कार्यलयहरुमा प्रकाशित गरिसक्नुपर्नेछ । ब्याजदर प्रकाशन गर्दा कर्जा शीर्षक अनुसार आधार दरमा थप गरिने प्रिमियम दर स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ । साथै, आगामी त्रयमासको लागि कर्जा तथा सापटमा लागू हुने ब्याजदर आफ्ना ग्राहकलाई जानकारी गराउनु पर्नेछ ।

कर्जा प्रवाह गर्दा ऋणीसँग गरिने सम्झौतामा वार्षिक पेनाल/हर्जाना ब्याजदर २ प्रतिशत भन्दा बढी नहुने गरी उल्लेख गर्नु पर्नेछ । पेनाल/हर्जाना ब्याज गणना गर्दा म्याद नाघेको किस्ताको साँवा रकममा वार्षिक पेनाल ब्याजदरले विलम्ब भएको समयावधिका लागि कायम हुन आउने रकमभन्दा बढी लिन र पेनाल ब्याजमा ब्याज लाग्ने गरी र कम असुल उपर गर्न नपाइने समेत केन्द्रीय बैंकले व्यवस्था गरेको छ ।

त्यसैगरी ऋणीलाई दिइने कर्जा प्रस्ताव पत्रमा आधार दरमा थप गर्ने प्रिमियम दर स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ । कर्जाको ब्याजदर परिवर्तन गर्दा पछिल्लो तीन महिनाको औसत आधार दरमा भएको थपघटको सीमासम्म त्रयमासिक रुपमा परिवर्तन गर्नु पर्नेछ ।

तर, पछिल्लो तीन महिनाको औसत आधार दरमा भएको परिवर्तन भन्दा बढीले ब्याजदर घटाउन, जुनसुकै अवस्थामा ब्याजदर वृद्धि नगर्न तथा ऋणीसँगको सहमतिमा स्थिर ब्याजदर कायम गर्न बाधा पर्ने छैन । लघुवित्तले ब्याजदर घटाउँदा वा वृद्धि नगर्दा सबै ग्राहकले समानरुपमा सुविधा पाउने गरी व्यवस्था मिलाउनु पर्नेछ ।

लघुवित्त वित्तीय संस्थाले प्रवाह गर्ने कर्जाको परिवर्तनीय ब्याजदरको साथै स्थिर ब्याजदर समेत प्रकाशन गर्नु पर्नेछ । ग्राहकले कर्जा लिँदा परिवर्तनीय ब्याजदर एवम् स्थिर ब्याजदर मध्ये कुनै एक किसिमको ब्याजदर कायम हुने गरी कर्जा लिन सक्ने व्यवस्था मिलाउनु पर्नेछ । परिवर्तनीय ब्याजदरमा प्रवाह भएको कर्जाको हकमा कर्जाको प्रस्ताव पत्रमा उल्लेख गरिएको प्रिमियम दर कर्जा अवधिभर परिवर्तन गर्न पाईने छैन ।

स्थिर ब्याजदरमा प्रवाह भएको कर्जाको हकमा कर्जाको प्रस्ताव पत्रमा उल्लेख गरिएको ब्याजदर कर्जा अवधिभर परिवर्तन गर्न नपाईने केन्द्रीय बैंकले जनाएको छ ।

*(स्रोत: अनलाइनखबरं)*

---

# सरकार, काठमाडौंको यातायात...

लैङ्गिक-मैत्री र अपाङ्ग-मैत्री यातायात: महिलाहरूको सुरक्षित यात्राका लागि बस स्टप र सवारी साधनहरूमा पर्याप्त प्रकाश र सुरक्षाको व्यवस्था गरिनुपर्छ । साथै, अपाङ्गता भएका व्यक्तिहरूका लागि ह्वीलचेयर र्‍याम्प, अडियो सूचना र ब्रेल संकेत जस्ता विश्वव्यापी डिजाइन सिद्धान्तहरू अपनाएर उनीहरूको सहज पहुँच सुनिश्चित गर्नुपर्छ ।

**४. जनसहभागिता र पारदर्शिता**

विगतका असफलताहरूले देखाए अनुसार, कुनै पनि ठूलो सुधार योजना नागरिकको सहभागिता र विश्वास विना सफल हुन सक्दैन । सूर्यविनायक- रत्नपार्क डेडिकेटेड बस लाइन परियोजना सरोकार वालाहरूसँग पर्याप्त छलफल र तयारी नभई लागू गरिएको कारणले असफल भएको थियो ।

-नागरिकको आवाज सुन्ने संयन्त्र : भविष्यका योजनाहरूमा यात्रुहरूको राय र सुझाव लिनका लागि डिजिटल प्लेटफर्म, नियमित सर्वेक्षण र सामुदायिक कार्यशाला जस्ता संयन्त्रहरू निर्माण गर्नुपर्छ । यसले प्रस्तावित योजनाहरूलाई नागरिकको वास्तविक आवश्यकता अनुसार परिमार्जन गर्न मद्दत गर्छ र कार्यान्वयनमा जनसमर्थन जुटाउँछ । यस्तो सहभागितामूलक योजनाले पारदर्शिता बढाउँछ र प्रणालीप्रति नागरिकको अपनत्व स्थापित गर्छ ।

### भविष्यको लागि वित्तीय व्यवस्था: एक विस्तृत र दिगो लगानीको खाका

माथि उल्लिखित सुधारका योजनाहरूलाई वास्तविकतामा बदल्न ठूलो र निरन्तर वित्तीय लगानीको आवश्यकता पर्छ । यो एक महत्वाकांक्षी र बृहत् वित्तीय लगानीको माग गर्ने परियोजना हो, जसमा समर्पित बस लेन र फ्लिटको विद्युतीकरण जस्ता क्षेत्रमा ठूलो खर्च हुनेछ । यति ठूलो परिमाणको परियोजना केवल सरकारी बजेटको भरमा मात्र सम्भव छैन ।

तसर्थ, सरकारी विनियोजन, निजी क्षेत्रको सहभागिता, अन्तर्राष्ट्रिय सहायता र यातायात प्रणालीबाटै उत्पन्न हुने राजस्वको एक सन्तुलित र मिश्रित कोषको आवश्यकता रहेको छ । यो बहु-स्रोत वित्तीय रणनीतिले परियोजनाको कार्यान्वयन र दिगोपना दुवैलाई सुनिश्चित गर्छ ।

लगानी जुटाउने यो विस्तृत मोडेललाई निम्न स्रोतहरूमा विभाजन गरेर जुटाउन सकिन्छ:

१. सरकारी लगानी र दायित्व : यो परियोजनाको आधार शिला सरकारी लगानी नै हुनेछ । यसका लागि नेपाल सरकारको राष्ट्रिय पूर्वाधार र यातायात बजेटबाट वार्षिक रूपमा निश्चित रकम विनियोजन गरिनेछ । यसका साथै, काठमाडौं उपत्यकाको सबै नगरपालिका र बागमती प्रदेश सरकारले पनि शहरी यातायात सुधारका लागि आफ्नो बजेटबाट महत्त्वपूर्ण योगदान गर्नेछन्, जसले यो अभियानमा स्थानीय सरकारको अपनत्व र सहभागिता सुनिश्चित गर्नेछ ।

२. सार्वजनिक-निजी साझेदारी : सरकारको वित्तीय भार कम र निजी क्षेत्रको दक्षता उपयोग गर्न सार्वजनिक-निजी साझेदारी एक प्रभावकारी औजार हुनेछ । विशेषगरी, विद्युतीय बसहरूको खरिद र सञ्चालन, स्मार्ट टिकेटिङ प्रणालीको विकास र ट्रान्जिट हबहरूको निर्माण तथा व्यवस्थापन जस्ता व्यावसायिक रूपमा सम्भाव्य क्षेत्रहरूमा निजी लगानी आकर्षित गरिनेछ । निजी क्षेत्रसँग राजस्व बाँडफाँड गर्ने मोडेल अपनाएर सरकारी लागत घटाउनुका साथै सेवाको गुणस्तर अभिवृद्धि गर्न सकिन्छ ।

३. अन्तर्राष्ट्रिय विकास ऋण तथा अनुदान : यस्ता ठूला पूर्वाधार परियोजनाका लागि अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरूको भूमिका महत्त्वपूर्ण हुन्छ ।

*(साभार: अनलाइनखबर)*

---

# 'खबपु'को 'चिठ्ठी' भदौ २० गते आउने






काठमाडौं/चर्चित कमेडियन खड्गबहादुर पुन 'खबपु'लाई मुख्य भूमिकामा लिएर बनेको फिल्म 'चिठ्ठी'को प्रदर्शन मिति तय गरिएको छ । निर्माण पक्षले गुरु पूर्णिमाको अवसर पारेर बिहीबार एक पोस्टर सार्वजनिक गर्दै आगामी भदौ २० गतेबाट फिल्म प्रदर्शनमा आउने जानकारी गराएको हो । कुवेर सिने डिस्ट्रीब्युसनले फिल्मलाई देशभर वितरण गर्नेछ ।

माधवराज खरेलको लेखन तथा निर्देशनमा बनेको फिल्ममा खड्गबहादुरसहित सञ्जित भण्डारी, गोपाल ढकाल 'छन्दे', नवराज थापा, प्रवण भुषाल, मुस्कान लामा, कञ्चन चालिसे, नम्रता खरेल, मोहन निरौला, शान्तिप्रिय, श्रीदेव भट्टराई, रश्मि भट्ट, उद्धव भट्टराई, कृष्ण भट्टराई लगायतको अभिनय रहेको छ ।

सञ्चारकर्मी कमला जोशीको लगानीमा बनेको फिल्ममा सरोज कोइरालाको संगीत, जीवन पराजुली र राजन खरेलको छायांकन, राजेश कुमारको सम्पादन, समीर मियाँको ग्राफिक्स तथा भिएफएक्स, किरण दाहालको द्वन्द्व निर्देशन तथा पुष्कर खत्रीको पार्श्व संगीत रहेको छ । २ घण्टा लम्बाइको यो फिल्म हरर कमेडी तथा सस्पेन्स थ्रिलर विधामा बनेको हो ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# नगरको १९ वडालाई ३२ करोड २५ लाखको सिलिङ

साझाकुरा संवाददाता

हेटौंडा, २६ असार/ हेटौंडा उपमहानगरपालिकाले नगरका १९ वटा वडालाई ३२ करोड २५ लाख ६५ हजारको बजेट सीमा तोकेको छ ।

असार १० गते २ अर्व ९० करोड ३ लाख रुपैयाँको बजेट ल्याएको उपमहानगरपालिकाले आगामी आर्थिक वर्ष २०८२/८३ का लागि नगरभित्रका १९ वटा वडामा ३२ करोड २५ लाख ६५ हजारको बजेट सिलिङ तोकेको हो । नगरले वडामा १ करोड ५५ लाख २३ हजार रुपैयाँदेखि २ करोड १८ लाख ९८ हजार रुपैयाँसम्मको बजेट सीमा तोकेको छ । वडालाई दिइएको बजेट सीमा अनुसार वडाले नगरपालिकालाई योजना समावेश गरेर उपलब्ध गराएका छन् । योसँगै आगामी आर्थिक वर्षको बजेटको पुस्तिका तयार पार्ने काम सुरु भएको हेटौंडा उपमहानगर प्रवक्ता सबिन न्यौपानेले बताए ।



प्रवक्ता न्यौपानेका अनुसार वडालाई बजेटको सिलिङ पठाइसकेको छ । वडाले आगामी आर्थिक वर्षदेखि उपलब्ध बजेटबाटै १५ लाख रुपैयाँ बजेट प्रशासनिक कार्यमा खर्चिन सक्ने प्रवक्ता न्यौपानेले बताए । भौगोलिक विकटता, स्रोतसाधनको उपलब्धता, क्षेत्रफल, विकासका गतिविधि लगायत कुरालाई मध्यनजर गर्दै हेटौंडा उपमहानगरका १९ वटा वडामा बजेट सिलिङ तोकिएको उनको भनाई छ । उपमहानगरपालिकाले २,४, ५, ६, ७, ८, ९, १० र ११ नम्बर का वडालाई १ करोड ५५ लाख २३ हजार रुपैयाँ बजेट सीमा तोकेको छ । उपमहानगरले १, ३, १२, १३, १४, १५, १६ र १७ नम्बर वडालाई १ करोड ७६ लाख ४७ हजार बजेट सीमा तोकेको छ ।

त्यस्तै वडा नम्बर १८ लाई १ करोड ९७ लाख ७३ हजार र वडा नम्बर १९ लाई २ करोड १८ लाख ९८ हजार रुपैयाँ बजेट सीमा तोकेको छ । बजेट सीमा निर्धारण गर्दा बढी सुगम र कम विकट भएका वडालाई ‘क’ वर्ग, साविकको वडामा मिसिएका सुगम र दुर्गम बराबरी भएका क्षेत्रलाई ‘ख’ वर्ग र अत्यन्तै विकट क्षेत्रलाई ‘ग’ वर्गमा राखेर गरिएको हो ।

आगामी आर्थिक वर्षदेखि हेटौंडाका वडाहरुले २० लाख रुपैयाँसम्मको योजना वडाबाटै सम्पन्न गर्न पाउने अधिकार हेटौंडा उपमहानगरले प्रदान गर्ने भएको छ । उपमहानगरपालिकाको चालू आर्थिक वर्षको दायित्व ४० करोड रुपैयाँको हाराहारीमा रहेको प्रवक्ता न्यौपानेले बताए ।

हेटौंडाले आगामी आर्थिक वर्षको खर्च व्यहोर्ने स्रोततर्फ आन्तरिक आयबाट ६२ करोड ८६ लाख ८० हजार रुपैयाँ, राजस्व बाँडफाँडबाट ९२ करोड ७० लाख ५५ हजार रुपैयाँ प्राप्त हुने अनुमान गरेको छ । यस्तै प्रदेश सरकारबाट ११ करोड ४५ लाख ७५ हजार रुपैयाँ अनुदान प्राप्त हुने अनुमान नगरपालिकाले गरेको छ । आगामी आर्थिक वर्षमा हेटौंडाका लागि संघीय सरकारबाट १ अर्व १९ करोड ५० लाख रुपैयाँ अनुदान प्राप्त हुने र नगर विकास कोषको ऋणबाट तीन करोड ६० लाख रुपैयाँ बजेटको स्रोतमा बेहोर्ने अनुमान हेटौंडा उपमहानगरको छ । उपमहानगर पालिकाले असार २७ गतेका लागि नगरसभा बोलाएको छ ।

# भोटेकोशी बाढी: १० जलविद्युत आयोजनामा क्षति

साझाकुरा संवाददाता

हेटौंडा, २६ असार/गत मंगलवार चीनको तिब्बत हुँदै नेपाल प्रवेश गर्ने लेहेन्दे खोला (भोटेकोशी)मा आएको बाढीले नेपालतर्फका १० भन्दा बढी जलविद्युत आयोजनामा क्षति पुऱ्याएको छ ।



स्वतन्त्र उर्जा उत्पादकहरुको संस्था (इप्पान) का अनुसार रसुवा र नुवाकोटमा निर्माणाधीन तथा निर्माण सम्पन्न भइसकेका आयोजनामा क्षती पुऱ्याएको हो । इप्पानका अनुसार सञ्चालनमा रहेका करिव २५० मेगावाट हाराहारीका जलविद्युत आयोजनाको उत्पादन बन्द हुनुका साथै ३५० मेगावाट भन्दा बढी क्षमताका आयोजनाको निर्माणकार्य रोकिँदा ती आयोजनामा निकै ठूलो भौतिक र आर्थिक क्षति भएको छ ।

१११ मेगावाट क्षमताको रसुवागढी जलविद्युत, ६० मेगावाटको त्रिशुली ३ ‘ए’ जलवद्यित, २५ मेगावाटको त्रिशुली जलविद्युत केन्द्र, २२ मेगावाटको चिलिमे जलविद्युत, १४ मेगावाटको माथिल्लो मैलुङ, १४ मेगावाटकै देवीघाट जलविद्युत परियोजना र ५ मेगावाटको मैलुङखोला जलविद्युतको उत्पादन बन्द भएको हो । यीमध्ये मैलुङ, माथिल्लोमैलुङ, देवीघाट र त्रिशूली जलविद्युत केन्द्रको विद्युतप्रवाह हुने त्रिशूली ३ ‘बी’ हब सवस्टेशनमा क्षति भएका कारण उत्पादन बन्द भएको इप्पानले विज्ञप्ती मार्फत बिहीबार जानकारी दिएको छ ।

इप्पानका अनुसार देवीघाट, त्रिशूली र त्रिशूली ३ ‘ए’ बाहेक अन्य सबै जलविद्युत आयोजना निजीक्षेत्रको सहभागीतामा निर्माण भएका आयोजना हुन् भने निर्माणाधीन अवस्थाका सबै आयोजना निजीक्षेत्रको अगुवाइमा निर्माण भइरहेका जलविद्युत आयोजना हुन् । निर्माणाधीन आयोजनामा २१६ मेगावाटको माथिल्लो त्रिशूली १, १०० मेगावाटको सुपर त्रिशूली, ३७ मेगावाटको त्रिशुली ३ ‘बी’ जलविद्युत आयोजनामा पनि बाढीले क्षति पुऱ्याउँदा यी आयोजनाको निर्माण कार्य रोकिएको छ ।

त्रिशूली नदी करिडोरको विद्युत प्रशारण गर्ने त्रिशूली ३ ‘बी’ हब सवस्टेशन र प्रसारणलाइनमा समेत क्षति पुगेका कारण यहाँबाट उत्पादन हुने विद्युत आगामी केही दिनसमम उत्पादन र प्रसारण नहुँदा हरेक दिन करोडौं रुपैयाँको उत्पादन घाटा व्यहोर्नुपर्ने देखिएको छ । इप्पानले जारी गरेको विज्ञप्तीमा भनेको छ ‘टिमुरे सुख्खा बन्दरगाहबाट दर्जनौं मालबाहक कन्टेनर र भन्सार बिन्दुमा राखिएका सयौं गाडी बाढीले बगाएको, निर्माणाधीन सुख्खा बन्दर गाह पूर्णरुपमा खण्डहर बनेको र नेपाल-चिन मुख्य व्यापारिक नाकाको पुल नै बगाउँदा यसले नेपाली व्यवसायीमा पारेको प्रभावप्रति पनि गहिरो दुख व्यक्त गर्दछौं ।

‘नेपाल र चीनबीच वार्षिक १ खर्ब रुपैयाँ भन्दा बढीको व्यापार हुने मुख्य नाका बन्द हुँदा यसले नेपाल सरकारको राजस्व संकलनमा समेत गम्भीर असर पार्ने हुँदा जतिसक्दो छिटो नाका सुचारु हुने वातावरण बनाउन पनि सरकारसँग आग्रह गर्दछौं’ बिज्ञप्तीमा भनिएको छ । बाढी पहिरोले विध्वंश मच्चाइरहेको बेलामा रसुवागढी जलविद्युत आयोजनामा कार्यरत ३६ जनासहित करिव १५० जना नागरिकको उद्दारमा नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीले देखाएको तदारुक्ताको लागि संवद्ध सबै निकायलाई धन्यवाद व्यक्त गर्दै क्षतिग्रस्त संरचनाको पुन:निर्माणमा आवश्यक नीतिगत र प्रक्रियागत सहजीकरण गरी विद्युत उत्पादन र प्रसारण हुने व्यवस्था मिलाउन तथा थप जनधनको क्षति हुन नदिन आवश्यक कार्य अघि बढाउन पनि नेपाल सरकारसँग इप्पानले आग्रह गरेको छ ।

# बागमतीका १६ अस्पतालमा डायलासिस सेवा

साझाकुरा संवाददाता

हेटौंडा, २६ असार/ बागमती प्रदेश सरकारको स्वास्थ्य मन्त्रालयले भक्तपुर अस्पतालसहित प्रदेशका विभिन्न अस्पतालमा १६ वटा डायलासिस मेसिन (उपकरण) जडान गरेको छ ।

मिर्गौलाका बिरामीलाई डायलासिस सेवा लिन सरकारी अस्पतालमा चाप बढेसँगै एक पटकको दुई हजार पाँचसय रुपैयाँ तिरेर निजी अस्पतालमा जानुपर्ने बाध्यतालाई कमगर्न मन्त्रालयले मातहतका प्रादेशिक अस्पतालमा डायलासिस मेसिन जडान गरेको प्रदेशका स्वास्थ्यमन्त्री किरण थापाले जानकारी दिए । उनका अनुसार मन्त्रालयले भक्तपुर अस्पतालमा पाँचवटा मेसिन ल्याएर जडान गरेको छ । मन्त्रालयले धादिङ अस्पतालमा दुई, सिन्धुली अस्पतालमा दुई, त्रिशूली अस्पतालमा दुई, बकुलहर रत्ननगर अस्पतालमा दुई र हेटौंडा अस्पतालमा तीनवटा डायलासिस मेसिन जडान गरेको मन्त्री थापाले जानकारी दिए ।

डायलासिस मेसिन जडानसँगै अस्पतालले मिर्गौलाका बिरामीलाई सहजरुपमा सेवाप्रवाह गर्ने बताउँदै उनले बिरामीले नजिकको अस्पतालबाट सेवा प्राप्त गर्नसक्ने उल्लेख गरे । मन्त्री थापाले प्रादेशिक अस्पतालमा आगामी दिनमा उपकरण थप गर्दै लैजाने जानकारी दिए । भक्तपुर अस्पतालका कार्यकारी निर्देशन डा. सुरेन्द्र भट्टले उपकरण प्राप्त भएसँगै अस्पतालले तत्काल पाँच शैयाको डायलासिस सेवा सुरु गर्ने जानकारी दिए ।

# १४ घण्टापछि कान्तिलोकपथ सञ्चालनमा

साझाकुरा संवाददाता

हेटौंडा, २६ असार/१४ घण्टापछि कान्तिलोकपथ सञ्चालनमा आएको छ । सडकको भित्ता तासेर र तल्लो भागमा जग उठाएपश्चात बिहीबार अपराह्न तीन बजेदेखि कान्तिलोकपथ सञ्चालनमा आएको हो ।

वर्षाका कारणले सडक नै बगेकाले कान्तिलोकपथ बिहीबार बिहान एक बजेदेखि नै अवरुद्ध भएको थियो । ‘डोजर र एक्स्काभेटर लगाएर १४ घण्टापछि कान्तिलोकपथ सञ्चालनमा ल्याइएको छ,’ इलाका प्रहरी कार्यालय ठिंगनका प्रहरीनिरीक्षक विद्यासागर मेहताले भने, ‘बिहीबार एक बजे बिहानदेखि अवरुद्ध भएको कान्तिलोकपथ अपराह्न ३ बजेपछि सञ्चालन आएको हो ।’

बुधबार राति परेको अविरल वर्षाका कारणले कान्तिलोकपथ स्थित ठिंगन-बागमती खोलाको सडक खण्डमा पर्ने भीमफेदी गाउँपालिका-८ वगुवामा गएको पहिरोले सडक अवरुद्ध भएको थियो । सडकको भाग नै पहिरो गएर सडक साँघुरो बनेको थियो ।

# सडेको अवस्थामा पुरुषको शव फेला

साझाकुरा संवाददाता

हेटौंडा, २६ असार/ मकवानपुरको थाहा नगरपालिका-४ स्थित जिरोथुममा सडेको अवस्थामा एक पुरुषको शव फेला परेको छ । बिहीबार दिउँसो जगरघारी जंगलमा फेला परेको शवको पहिचान हुन सकेको छैन ।

शव देखिएको विषयमा स्थानीयले जानकारी गराएपछि सीमभञ्ज्याङ प्रहरीचौकीबाट खटिएको प्रहरीले शवको मुचुल्का उठाई अनुसन्धान अघि बढाएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । घटनास्थलदेखि ५/७ मिटर टाढा निलो ट्र्याक, कालो कट्टु, सेतो धर्के सट फेला परेको र घटनास्थलदेखि २००/३०० मिटर टाढा चप्पल भेटिएको प्रहरीले जनाएको छ ।

**ऋणी सदस्यहरुलाई बिशेष सूचना !**

*आदरणिय ऋणी सदस्य महानुभावहरु,*

आर्थिक वर्ष २०८१/०८२ को साल तमामी नजिकदै गर्दा आ-आफुले उपभोग गरेको कर्जाको सावाँ तथा ब्याज यहि २०८२ आषाढ ३१ गते अगावै बुझाई कर्जा नियमित गराउन एवम् असल ऋणी सदस्यको पहिचान बनाई राख्न हार्दिक अनुरोध गरिन्छ । सहकारी संस्थाहरुको ऋण असुलीका लागी नेपाल सरकारबाट भरखरै राष्ट्रिय सहकारी नियमन प्राधिकरण, ऋण असुली न्यायाधिकरण समेत गठन भइ प्रत्येक सहकारी संस्थाहरुलाई अनिवार्य रुपले कर्जा सूचना केन्द्रमा आवद्धता जनाउन निर्देश गरिसकेको अवस्थामा साल तमामीको अन्त्य सम्म आ-आफुले उपभोग गरेको कर्जाको साँवा ब्याज नबुझाउने वानियमित नगर्ने सदस्यहरुको नामावेशी दुवै विभागमा अनिवार्य रुपले अभिलेख उतार गरी सबै सहकारी संस्थाहरुले आ-आफ्नो संस्थाका सदस्य ऋणीहरुको कर्जाको बिवरण सहित तीनपुस्ते अभिलेख पठाउन र पत्रिकामा प्रकाशित गर्न संस्था बाध्य हुने यसै सूचनामार्फत सम्पूर्ण ऋणीहरुलाई जानकारी गराईन्छ ।

**पिपलबोट बचत तथा ऋण सहकारी संस्था लि.**
हेटौंडा-२, पुरानो मकवानपुर रोड
सम्पर्क नं.०५७-५२६८३३

# दुई हजार एकसय करदाताको दर्ता निलम्बन

साझाकुरा संवाददाता

हेटौंडा, २६ असार/ आन्तरिक राजश्व कार्यालय मकवानपुरले मूल्य अभिवृद्धि कर (भ्याट) विवरण समयमा नबुझाउने करदाताको दर्ता निलम्बन गरेको छ ।

१५ दिने सूचना प्रकाशित गर्दापनि कर विवरण नबुझाउने दुई हजार एक सय करदाताको नाम सार्वजनिक गरेको हो । कार्यालयका प्रमुख करअधिकृत युक्त सुवेदीका अनुसार मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १७ को उपदफा ८ बमोजिम करकट्टी रोक्का गरी दर्ता निलम्बन गरिएको हो । आन्तरिक राजश्व कार्यालयमा दर्ता भएका नियमित ६ महिना भन्दा कर नबुझाउने करदातालाई राजश्व विभागले निलम्बन गरेको हो ।

निलम्बनमा परेका कर दातालाई तत्काल करविवरण पेशगर्न कार्यालयले आग्रह गरेको छ । दर्ता निलम्बन भएका करदाताले अनलाइनमार्फत् युजर आइडी लिएर विवरणअनुसार करदाखिला गरेपछि सस्पेन्डेड लिस्टबाट स्वत: हट्ने प्रमुख करअधिकृत सुवेदीले बताए । मकवानपुरमा ६ हजार मूल्य अभिवृद्धि करदाता रहेका छन् ।

# गुरुपूर्णिमाका अवसरमा गुरु सम्मान



साझाकुरा संवाददाता

हेटौंडा, २६ असार/ नेपाल निवृत्त शिक्षक समाज मकवानपुरले निवृत्त शिक्षक समाज स्थापना दिवस तथा गुरुपूर्णिमाका अवसरमा बिहिबार एक समारोहबीच गुरु सम्मान कार्यक्रम गरेको छ ।

गुरुपूर्णिमाको अवसरमा विद्यालय तहको नेपाली ब्याकरणका लेखक ध्रुवकुमार भुजेलद्वारा स्थापित रामसावित्री नेपाली भाषाशिक्षक सम्मानद्वारा गोविन्दप्रसाद आचार्य सम्मानित भएका छन् । यसैगरी संस्थाद्वारा स्थापित निवृत्त शिक्षक सम्मानद्वारा वि.सं.२०११ मा जन्मनु भएका केशव शर्मा न्यौपाने, शंकर प्रसाद लामिछाने, प्रेमजी श्रेष्ठ, शिवप्रसाद गिरी, नीरञ्जन अधिकारी, सानुनानी अधिकारीलगायत ९ जना निवृत्त शिक्षकहरु सम्मानित भएका छन् ।

कार्यक्रममा रमेशप्रसाद लामिछाने, अरुण खतिवडा, हरिप्रसाद सिग्देल, शिवदयाल यादव, रमेशमोहन अधिकारी तथा नीरञ्जन अधिकारीले मन्तव्य राखेका थिए । जनार्दन खनालले कविता सुनाएका थिए । नेपाल निवृत्त शिक्षक समाज नेपालका केन्द्रीय महासचिव अभिमन्यु गौतमको प्रमुख आतिथ्यता एवम् जिल्ला समिति मकवानपुरका अध्यक्ष सीताराम दाहालको सभाध्यक्षतामा भएको कार्यक्रमको सहजीकरण पीताम्बर वास्तोलाले र स्वागत ओमप्रसाद चौलागाईंले गरेका हुन् ।

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ मेशिनद्वारा A/C मर्मत तथा ग्यास रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
☞ इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल
सम्पर्क नं.: ०५७-५९०३३३







साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपानेद्वारा** प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना